# सातौं भाग
# चेलाहरुको तालीम


१. महान आज्ञा (चेला बनाउने प्रभुको आदेश) ४०१
२. चेलापनको आरम्भ
(अरु मानिसहरुलाई खीष्टमा डोऱ्याउने) ४१४
३. चेलाहरुको तालीम ४२६

# १. महान आज्ञा
# (चेला बनाउने प्रभुको आदेश)

क. मुख्य पदहरु

मत्ती २८:१८-२०
मर्कूस १६:१५-१८
रोमी १०:१४-१५
फिलिप्पी २:२
प्रेरित १:८
यूहन्ना २०:२१
२कोरिन्थी ५:२०

ख. महान आज्ञा भनेको के हो ?

येशूले भन्नुभयो,

*"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ. यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिश्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ. हेर म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु."* (मत्ती २८:१८-२०)

ग. गवाही दिनुको महत्व

पृथ्वीमा भएका आफ्ना जनहरुले जहिले पनि आशिष पाएको परमेश्वरले चाहनुभएको छ (उत्पत्ति २२:१६-१८; भजन ६७:१-७; १तिमोथी २:३-४; प्रकाश ७:९-११). मानिस परमेश्वरको विरोधमा उत्रिसकेपछि उसका सामून्ने आफ्नो पुत्र येशूलाई अन्तिम साक्षी हुनका निम्ति पठाउने परमेश्वरले योजना बनाइसकनु भएको थियो (यूहन्ना ३:१६; यूहन्ना २०:२१). येशूले आफ्नो काम पूरा गरिसकनु भएपछि परमेश्वरले सामर्थ्यपूर्वक पवित्र आत्मालाई पठाउनुभयो. यसरी येशूलाई पछ्याउने चेलाहरु पृथ्वीको अन्त्यसम्म साक्षी हुनको निम्ति तयार पारिन सकून् (प्रेरित १:८) अन्धकारको जालमा फसेका मानिसहरुलाई परमेश्वरको ज्योति देखाउने मुख्य उद्देश्यका साथ परमेश्वरले मण्डलीको स्थापना गर्नुभयो (२कोरिन्थी ४:३-४).

## घ. हामीले के गर्नुपर्छ ?

हामी उहाँको साँचो चेलाको रुपमा पछ्याउनेहरुलाई येशू ख्रीष्टले संसारमा सबै जातिहरुमा सुसमाचार प्रचार गरेर तिनीहरुलाई चेला बनाउने आज्ञा दिनु भएको छ (मर्कूस १६:१५; मत्ती २८:१८-१९). हामी ख्रीष्टको राजदूतका रुपमा पठाइएका छौं (२कोरिन्थी ५:२०) पवित्र आत्माको सामर्थ्यमा हामी उहाँको साक्षीहरु हुनेछौं भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ (प्रेरित १:८). याद राख्नुहोस् हामीले पाएको अधिकार चेला बनाउनको निम्ति हो तर (धर्म) परिवर्तन गर्न हैन. एउटा चेला त्यस्तो व्यक्ति हो जसले आफैंलाई परिवर्तन गरेको हुन्छ तर एउटा (नाममात्र को) क्रिश्चियनले आफ्नो नाम (बाहिरी मन) मात्र परिवर्तन गरेको हुन्छ.

## ङ. कहाँदेखि शुरु गर्ने ?

*"पवित्र आत्मा तिमीहरुमा आउनु भएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा (आफ्नो स्थानीय ठाउँमा), सारा यहूदीयामा (जुन देशमा हामी बस्छौं) सामरियामा (छिमेकी देश) र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ."* (प्रेरित १:८)

महान आज्ञाले हामीलाई संसारका कुना-काप्चामा पठाउँछ तर यो सबैभन्दा पहिला हाम्रो स्थानीय घरबाटै शुरु हुन्छ, त्यसकारण -

- हामी आफ्ना नातेदारहरु, मित्रहरु र छिमेकीहरुका लागि पनि साक्षी हुनुपर्छ.
- हाम्रो काम गर्ने ठाउँहरुमा (स्कूल, कलेज आदि) र हाम्रा सामाजिक क्रियाकलापहरुमा (फुटबल, खेल, र मेला समारोह इत्यादिहरुमा).
- यदि हामीलाई परमेश्वरले अरु गाउं, शहर र देशभरि नै येशूको सुसमाचार सुनाउन बोलाउनु हुन्छ भने पनि उहाँको आज्ञा मान्नुपर्छ.

## च. महान आज्ञा पूरा गर्ने क्रममा चाल्नुपर्ने व्यवहारिक कदमहरु के के हुन् ?

**१. प्रार्थना गर्ने**

उदाहरणको लागि सुसमाचार प्रचार गर्ने अवसर पाउनको निम्ति प्रार्थना गर्ने (कलस्सी ४:३); साक्षी दिँदै प्रभुको काममा लाग्नेहरुको सुरक्षाको लागि

(रोमी १५:३०-३१); परमेश्वरको बचन बोल्नमा साहस र शक्तिको लागि (प्रेरित ४:२९-३१); फसल भित्र्याउन धेरै कामदारहरु खेतमा पठाउनको लागि (मत्ती ९:३८).

२. **दिनु**

हामी हाम्रा रुपियाँ-पैसा दिन सक्छौं (२कोरिन्थी ८:१-४) तर अझ महत्वपूर्ण कुराचाहिँ हामी आफू र आफ्ना प्रियजनहरुलाई उहाँलाई इच्छा लागे अनुसारको प्रयोगको निम्ति उहाँमा अर्पण गर्नसक्छौं.

३. **जाने**

संसार हामीकहाँ आउंछ भनेर पर्खनको निम्ति येशूले हामीलाई आज्ञा गर्नुभएको छैन तर सुसमाचार नपुगेका सारा संसारका ठाउँहरुमा गएर ख्रीष्टको प्रेमको समाचार बांडन आज्ञा गर्नुभएको छ.

छ. साँचो चेलापनमा महान आज्ञा पूरा गर्नुपर्ने जिम्मेवारी छ

- प्रत्येक चेलाहरुलाई संसारमा गएर उहाँको प्रेम र येशूद्वारा परमेश्वरले संसारको निम्ति के गर्नुभयो सो भन्न अह्राउनुभएको छ (मर्कूस १६:१५; यूहन्ना ३:१६).
- महान आज्ञाको अवज्ञा गर्नेहरुलाई जिम्मेवार ठहऱ्याइनेछ (इजकिएल ३३:८-९; हितोपदेश २४:११-१२).
- संसारका सबै धन-सम्पत्तिहरुभन्दा मानिसको प्राणलाई परमेश्वर बढी महत्व र मूल्यवान् ठान्नुहुन्छ (मत्ती १६:२६).
- यस संसारका मानिसहरु हतास र निराश अवस्थामा छन् र तिनीहरुको एउटै आशा येशू हुनुहुन्छ. उहाँ बाटो, सत्य र जीवन हुनुहुन्छ (यूहन्ना १४:६). तिनीहरुलाई आवश्यक जवाफ उहाँ नै हुनुहुन्छ.
- संसारका कसैले पनि बहाना गर्न पाउने छैन.सुसमाचारप्रति (सकारात्मक) प्रत्युत्तर नदिनेहरु अनन्तका लागि नष्ट हुनेछन् (रोमी १:१८-२०; यूहन्ना ३:१८; मत्ती २५:३१-४६).
- संसारका आधाभन्दा बढी मानिसहरुले कहिल्यै सुसमाचार सुनेका छैनन्. हामी येशूको साँचो चेलाहरुले सारा संसारमा सुसमाचार पुऱ्याउने परमेश्वरको इच्छाप्रति सम्पूर्ण रुपमा प्रतिबद्ध हुनुपर्छ (यूहन्ना ३:१६-१७).

*"जसलाई विश्वास गरेकै छैनन् उहाँलाई मानिसहरुले कसरी पुकार्ने ? जसको विषयमा सुनेकै छैनन् उहाँमाथि तिनीहरुले कसरी विश्वास गर्ने ? र प्रचारविना तिनीहरुले कसरी सुन्ने ? र कसैले नपठाइकन मानिसहरुले कसरी प्रचार गर्ने ? जस्तो लेखिएको छ, "सुसमाचार प्रचार गर्नेहरुका पाउ कति सुन्दर"* (रोमी १०:१४-१५).

स्वर्गमा जस्तै पृथ्वीमा पनि परमेश्वर उहाँको राज्य स्थापना भएको हेर्न चाहनुहुन्छ (मत्ती ६:१०). यही कुरा येशूको सेवकाईमा बारम्बार देख्न सकिन्थ्यो (मत्ती ४:१७, २३; मत्ती ६:३३; मत्ती ९:३५; प्रेरित १:३). वास्तवमा यसैको निम्ति येशू पृथ्वीमा आउनुभएको थियो (कलस्सी १:१२-१४). परमेश्वरको राज्य खाने, पिउने अथवा कुराकानी होइन तर पवित्र आत्मामा धार्मिकता, शान्ति, आनन्द र सामर्थ्य हो (रोमी १४:१७, १ कोरिन्थी ४:२०). येशूले यो पनि भन्नु भएको थियो -
*"परमेश्वरको राज्य देखिने गरी आउदैन, न त मानिसहरुले भन्नेछन् - हेर यहाँ छ ! अथवा त्यहाँ छ ! किनभने हेर, परमेश्वरको राज्य तिमीहरुकै बीचमा छ !"* (लूका १७:२०-२१).

त्यसकारण हामी जहाँसुकै जाऔं येशूको चेलाको नाताले गर्दा परमेश्वरको राज्य पनि हामी गएकै ठाउँहरुमा जान्छ. धार्मिकता, शान्ति, आनन्द र परमेश्वरको सामर्थ्य हाम्रो जीवनबाट प्रष्ट झल्किनुपर्छ. यसरी जब हामी येशूको सुसमाचार प्रचार गर्छौं हाम्रो जीवनका अनुभव तथा साक्षीहरुसँग यो मेल खाएको देखिन्छ. यसले हाम्रो जीवनमा काम गरेको तथ्य अरुले थाहा पाउनु पर्दछ. येशूको जीवनमा मानिसहरुले देखेजस्तै हाम्रो जीवनमा पनि अरुहरुले परमेश्वरको राज्य देख्नु आवश्यक छ.

## ज. परमेश्वरको राज्य पूर्ण रुपमा कहिले स्थापना हुनेछ ?

येशूले भन्नुभयो,
*"अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरुका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ."* (मत्ती २४:१४).

अन्त्यमा ठूलो सामर्थ्य र महिमाकासाथ येशूको आगमन हुनेछ र उहाँले छान्नुभएका सबैजनालाई आफूसँग अनन्तसम्म रहनका निम्ति तिनीहरुलाई

भेला गर्नुहुनेछ (मत्ती २४:३०-३१; १थेस्स ४:१६; प्रकाश १७:४). त्यसपछि परमेश्वरले नयाँ स्वर्ग र नयाँ पृथ्वीको स्थापना गर्नुहुनेछ जुन धर्मीहरुको घर हो (२पत्रस ३:१३; प्रकाश २१:१-२७; प्रकाश २२:१-५). अनि थुमाको जीवनको पुस्तकमा नाम लेखिएका व्यक्तिहरुले त्यो ठाउँ भरिनेछ (प्रकाश २०:१५; प्रकाश २१:२७; लूका १०:२०). हामी येशूका चेलाहरु त्यसदिनको निम्ति तयार हुनु जरुरी छ (मत्ती २४:३७-४४; २पत्रस ३:१०-१४).

## झ. परमेश्वरको राज्यको लागि अहिले हामी हतारिनु आवश्यक छ कि छैन ?

संसारको लागि परमेश्वरसँग प्रेमले ओत-प्रोत भएको हृदय छ. आफ्नो पुत्र येशूलाई मानवजातिको निम्ति प्राण दिन संसारमा पठाएर परमेश्वरले संसारप्रतिको आफ्नो प्रेमको परिमाणलाई देखाउनुभएको छ (यूहन्ना ३:१६; १तिमोथी २:३-६; यशैया ५३:१०-१२). परमेश्वर मानिसहरुको प्राणलाई ठूलो महत्व दिनुहुन्छ र कोही पनि नष्ट भएको उहाँ चाहनुहुन्न (१पत्रस ५:८; यूहन्ना १०:२७-३०). तैपनि येशू ख्रीष्टको सुसमाचारलाई स्वीकार नगर्नेहरुले जीवन देख्नेछैनन् किनभने तिनीहरुमाथि परमेश्वरको क्रोध रहनेछ (यूहन्ना ३:३६). सबै मानिसहरुले इश्वरीय इन्साफको सामना गर्नेछन् (हिब्रू ९:२७) र ज-जसले जे रोपे त्यसै अनुसार कटनी गर्नेछन् (गलाती ६:७). यदि कसैले येशूलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर स्वीकार गर्दैन भने ऊ पृथ्वीमा अन्धकारमै रहनेछ. शान्ति, आशा, आनन्द, क्षमा र भरपूरी उसका हुनेछैनन् र परमेश्वरबाट छुट्टिएर तिनीहरु नरकमा कष्ट भोग्नेछन्.

हामी येशूका चेलाहरुपनि हराएकाहरुको निम्ति परमेश्वरको हृदयमा भएको करुणा जस्तै हामीले पनि त्यस्तै अनुभव गर्नुपर्दछ. ख्रीष्ट बिना मर्नेहरुको नियति हामीलाई थाहा छ. त्यसकारण महान आज्ञा यस्तो कुरा हो जसलाई हामीले गम्भीरताकासाथ लिनैपर्छ. साँच्चै भन्ने हो भने प्रत्येक क्रिश्चियनको जीवनमा महान आज्ञाले प्रमुख स्थान ओगटेको हुनुपर्छ.

## ञ. पवित्र आत्माको सामर्थ्यमा साक्षी दिनु

अरुका निम्ति पवित्र आत्माबाट स्पष्ट प्राप्त हुनसक्ने उपलब्धि हाम्रो जीवनको साक्षी हो. सामान्य मानिसहरुका निमित्त यो नै मुख्य कुरा हो.

धेरै मानिसहरु संस्थागत धर्मको अवास्तविक रुप र बाहिरी देखावटीपनबाट दिक्क भएका छन्. दुःखको कुरा त नामधारी क्रिश्चियनहरुको जीवनशैली देखेर तिनीहरु आफू विश्वासदेखि पछि हटेका हौं भन्ने दावी प्रायशः गर्ने गर्छन्. वर्तमानको हाम्रो सामून्ने उपस्थित चुनौती यही हो : सामान्य स्त्री तथा पुरुषहरुको जीवनमा के क्रिश्चियन विश्वास विश्वसनीय हुनसक्छ ? रोग, भय तथा हिंसाले व्याप्त संसारमा के येशूमाथि विश्वास गर्नुको कुनै अर्थ हुनसक्छ ?

मानवजातिको वर्तमान इतिहासमा वास्तविक जीवनका सन्दर्भमा पवित्र आत्माको सामर्थ्यको प्रदर्शनको तात्कालिक आवश्यकता अहिले जस्तो पहिले कहिल्यै थिएन. हामी क्रिश्चियनहरु अनौठो (हांस उठदो) स्वभावको हुनु हुदैन तर भलाई गर्नमा, वास्ता, प्रेम र जीवनशैलीमा हामी अरुभन्दा बेग्लै हुनुपर्छ. येशू एउटा धार्मिक जोकर (विदुषक) हुनुहुन्नथ्यो. उहाँ एउटा वास्तविक मानब हुनुहुन्थ्यो. उहाँको विशिष्टताले गर्दा मानिसहरु उहाँलाई पछ्याउन बाध्य थिए र यसको साथसाथै उहाँको यही बिशिष्ट गुणले गर्दा भलाई र परमेश्वरको प्रेम मन नपराउनेहरु उहाँबाट तर्किएका थिए. यसले अन्त्यमा तिनीहरुलाई (दुई बीचमा) छनौट गर्न बाध्य तुल्यायो. कतिले उहाँलाई पछ्याए अनि कतिले चाहिँ उहाँलाई क्रूसमा टाँगे तर तिनीहरुले पनि उहाँको गवाहीलाई नकार्न भने सकेनन्. प्रत्येक विश्वासीहरुलाई तिनीहरुका वर्तमान समयमा येशूको जीवन र सामर्थ्यमा जीवित साक्षीहरु हुनको निम्ति बोलावट भएको छ. कैयौं मानिसहरु मण्डलीमा कहिल्यै प्रवेश गर्दैनन् र बाइबल पनि खोल्दैनन् तर हरेक जस्तो दिनमा हामीसँग भेटघाट् हुंदा तिनीहरुले हाम्रो जीवन देख्छन्.

परमेश्वरको आत्मा चेलाहरुमाथि आउनुको प्राथमिक उद्देश्य तिनीहरुलाई साक्षीको निम्ति तयार पार्नका लागि हो. मानिसहरुले सान्त्वना पाउन् भन्नाका लागि मात्र सान्त्वनादायक आउनुहुन्न तर तिनीहरुलाई येशूको गवाह बनाउनको निम्ति आउनुहुन्छ (प्रेरित १:८). ठूला-ठूला संस्थाहरुको लागि मात्र प्रयुक्त हुने शब्द यो होइन जसका संस्थागत ढांचाहरुमा सुसमाचार प्रचारको निम्ति यसलाई आवश्यक ठानिन्छ. सम्पूर्ण रुपमा पवित्र आत्माको कामको लागि आफ्नो जीवन खुला राख्ने प्रत्येक विश्वासीहरुका निम्ति यो एउटा प्रतिज्ञा हो. व्यक्तिगत साक्षीको रहस्य हातमा केही पर्चाहरु लिएर प्रत्येक असंदिग्ध मानिसहरुलाई तीव्रतापूर्वक

अकस्मात अवास्तविक पारामा आक्रमण गर्दै भुईमा लडाउने पनि होइन तर वास्तविक साक्षीको तागत त्यहाँनिर देखिन्छ जहाँ येशूको प्रेम र सामर्थ्यको सच्चाईका बारेमा कसैले प्रश्न गर्छ अनि त्यसको उत्तरको आवश्यकता हुन्छ. मुख्य रुपमा क्रिश्चियनहरु अरु मानिसहरुसितको आफ्नो दैनिक सम्बन्धहरु तथा संलग्नतामा स्वाभाविक तबरमा अस्वाभाविक, अलौकिक हुने सामर्थ्यबाट बञ्चित भएका छन्.

परमेश्वर जे गर्न सक्नुहुन्छ भनेर हामी भन्छौं येशूको चेला भएकोले गर्दा हाम्रा ती स्वीकारोक्तिहरुमा विरोधाभास देखिनुहुन्न तथा हाम्रो जीवन भिन्दै किसिमको हुनुपर्छ. योभन्दा अझ बढी त हामीभित्र पवित्र आत्माको सामर्थ्यको खांचो छ. मध्यम श्रेणीको परिवारमा पाइने सभ्यता तथा औपचारिकताले पवित्र आत्माको सामर्थ्यको स्थान लिन सक्दैन. चाहे मानिसहरुले हामीलाई उग्र स्वभावको भनेर बिल्ला किन नलगाइदिउन् जन-समूदाय बीचमा येशूको साक्षी दिनपर्दा हाम्रो अल्पभाषी बानीलाई हामीले त्याग्नुपर्दछ.

## ट. अब हाम्रो पालो

पूरै इतिहासभरि परमेश्वर साक्षी रहित रहनुभएन, यो कुरो साँचो हो तथापि अब हाम्रो पालो आएको छ (एस्तर ४:१४; २ पत्रस २:९). यदि हामीले साक्षी दिन छाड्यौं भने हाम्रो पुस्ताले सुसमाचार सुन्न पाउनेछैनन् भन्ने कुराको हेक्का हामीले राख्नुपर्छ. विगतमा गवाही दिएको असल कुरा हो तर अहिले पनि यो कार्यमा हामीले निरन्तरता कायम राख्नुपर्छ. पवित्र आत्माको सामर्थ्यमा हाम्रो जीवनबाट येशू प्रदर्शित नहुनु भएमा हामी नजीक सम्पर्कमा आएका मानिसहरुले परमेश्वरको भलाईका सम्बन्धमा अरु स्रोतबाट प्रत्यक्ष साक्षी प्राप्त नगर्न सक्छन्. हाम्रो पुस्ताका लागि हामी येशूको आवाज हुनको निम्ति हामी जिम्मेवार छौं. अरुले यो काम गर्ला कि भनेर अन्य मानिसहरुमाथि भर परेर फाइदा छैन. यही कामका लागि हाम्रो सृष्टि भएको छ - हाम्रो जीवनमा ख्रीष्टको शक्तिको साक्षी.

## ठ. हामीलाई सहायता गर्नुहुने आत्मा

व्यक्तिगत साक्षी दिने कार्य हाम्रो विशेष ज्ञान वा सीपमाथि निर्भर नभएर हाम्रो हृदयको खुलापनमा निर्भर हुन्छ. व्यक्तिगत साक्षी दिने कार्य

जनसमूदाय बीचमा भाषण छांटने वा प्रचार गर्ने कुरा जस्तो हुँदैन. यो त दैनिक रुपमा परमेश्वरको सामून्ने केही नलुकाइकन जीवन जिउने, उहाँको प्रेमको वास्तविकतालाई हाम्रो भित्री जीवनबाट प्रत्येक दिन हाम्रो सम्पर्कमा आउने अन्य मानिसहरुमा बहन दिनु हो. पवित्र आत्माको सामर्थ्य उहाँमा विश्वास गर्ने प्रत्येक व्यक्तिको अन्तस्करणबाट बग्ने "जीवित पानी" जस्तै हो (यूहन्ना ७:३७-३९). पवित्र आत्माद्वारा हामीबाट परमेश्वरले जेसुकै गराउन चाहनु भएपनि त्यसलाई हामीले स्वीकार गर्नुपर्छ र अनि हाम्रो सबै जीवनलाई उहाँले काम गर्नसक्नुहुने क्षेत्रका रुपमा हामीले हेर्नुपर्छ.

## ङ. सात आधारभूत क्षेत्र जसमा हामी पवित्र आत्माको मदत पाउने कुरामा निश्चिन्त हुनसक्छौं

**१. अनुभव**

ख्रीष्टसितको अनुभवबाट हाम्रो साक्षीमा वृद्धि हुन्छ. आफूले भोगेको सत्यभन्दा बाहिर अर्को साँचो र महत्वपूर्ण कुरा हुँदैन किनभने यसलाई अनुभव नगरिकन यो प्रभावकारी हुँदैन. त्यसपछि मात्र सत्य हाम्रो जीवनमा वास्तविक र सामर्थी हुनजान्छ. त्यसैकारण जब हामी सत्य जान्दछौं यसले हामीलाई छुटकारा दिन्छ भनेर येशूले भन्नुभएको थियो (यूहन्ना ८:३२). चेलापनको मुख्य सार यही हो.

सत्यलाई पछ्याउने नै साँचो चेला हो. यो केवल विचार वा दर्शन मात्र नभएर जीवन परिवर्तनकारी वास्तविकता हो. आफूलाई बाटो, सत्य र जीवनका रुपमा प्रश्तुत गर्नुहुनेसित एउटा चेलाको विश्वास र प्रतिबद्धताको सम्बन्ध गांसिएको हुन्छ (यूहन्ना १४:६). येशूको कथा भट्ट्याउने र "मलाई थाहा छ" भनेर अनुभव गर्ने व्यक्ति बीचमा यही नै भिन्नता छ (२तिमोथी १:१२).

पवित्र आत्माले हामीलाई परमेश्वरको अनुभव गराउनुहुन्छ. ख्रीष्टको कामद्वारा आउने क्षमा र स्वतन्त्रतालाई उहाँले वास्तविक तुल्याउनुहुन्छ. परमेश्वरको सामर्थ्य र उहाँको राज्यको सच्चाइमा जिउन र त्यसै अनुसार गर्नसक्नको लागि हाम्रो जीवनमा पवित्र आत्माले परमेश्वरको शक्ति उपलब्ध गराइदिनुहुन्छ. त्यसकारण परिवर्तन र प्रतिबद्धताको प्रक्रिया

महत्वपूर्ण हुन गएको हो. त्यसपछि मात्र पुरानो जीवनबाट फर्केर ख्रीष्टको जीवनमा प्रवेश गरेको सच्चाईप्रति हामी सचेत रहन्छौं.

मण्डली कहिल्यै नजाने र बाइबल कहिल्यै नपढ्ने धेरै मानिसहरुका लागि तिनीहरुले पहिले कहिल्यै थाहा नपाएको परमेश्वरको शक्तिको पहिलो र महत्वपूर्ण साक्षी हाम्रै जीवन हुनेछ. कुनै व्यक्तिले एकचोटी भनेका थिए, "धेरै मानिसहरुले पढ्ने पहिलो बाइबल सायद हाम्रै जीवन हो." व्यक्तिगत साक्षीको लागि आवश्यक सामग्री ख्रीष्टको जीवनसितको हाम्रो अनुभवहरुभित्र पवित्र आत्माले तयार पार्नुहुन्छ.

२. **आश्वस्तता** (विश्वास दिलाउनु)
येशूको गवाहीको निम्ति पवित्र आत्मा स्वयं नै पहिलो पंक्तिमा उभिनुभएको छ. हामीलाई येशूतिर औंल्याउने, उहाँको जीवन, मृत्यु र पुनरुत्थानको अर्थ हामीलाई सम्झाउने पनि पवित्र आत्मा आफैं हुनुहुन्छ (यूहन्ना १६:१३-१४). तर उहाँ हामीभित्रको साक्षी पनि हुनुहुन्छ. हामी विश्वासीहरुका लागि भरोसा र विश्वासको आधार यही भएको छ (रोमी ८:१६).
*"तिमीहरु, जसले सत्य वचन, अर्थात आफ्नो उद्धारको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गर्‍यौ, उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएका थियौ. परमेश्वरको सम्पत्ति, अर्थात हामीले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ."* (एफिसी १:१३-१४).

मौलिक ग्रीक भाषा अनुसार "बैना" शब्द यहाँ "विवाहको मगनीको औंठी" पनि हुनजान्छ. यसरी पवित्र आत्मा परमेश्वर र हामी दुई प्रेमी बीचमा भएको मगनीबीचको औंठी स्वरुप दिइएको छ. प्रभावकारी वैयक्तिक साक्षीको रहस्य यहाँनिर रहेको छ. यो कुनै उत्सुकतापूर्ण तथा तनावग्रस्त कुरा होइन. तर यो त स्वर्गीय पिता र नयाँ जन्मिएको उहाँको सन्तान बीचको विश्वास र भरोसापूर्ण सम्बन्धको साक्षी हो.

३. **निडरता**
*"अब हे प्रभु, तिनीहरुको धम्कीमाथि नजर गर्नुहोस्, र तपाईंका दासहरुलाई पूरा साहससित तपाईंको वचन बोल्न दिनुहोस."* (प्रेरित ४:२९).

शुरुको क्रिश्चियनहरु आफूमा हुँदै नभएको साहसपूर्वक बोल्थे र काम गर्थे, यो सबै तिनीहरुका हृदयमा पवित्र आत्माले गर्नुभएको कामको उपज थियो. चेलाहरुले येशूको तर्फबाट आफ्नो बारेमा साक्षी दिनुपर्दा उनीहरु डराउनु नपर्ने कुराको उहाँले प्रतिज्ञा गर्नुभएको थियो. किनभने त्यस बेलामा जे भन्नुपर्ने हो त्यो तिनीहरुलाई उपलब्ध गराइने थियो. येशू तिनीहरुका निम्ति के हुनुहुन्थ्यो भनेर साक्षी दिनेहरुलाई पवित्र आत्माले वचन र सामर्थ्य दिनुहुने कुरा प्रेरितको पुस्तकले प्रष्टगरी देखाएको छ.

**४. समझदारी**

केही मानिसहरु तिनीहरुको जीवनमा भएको परमेश्वरको काम र विश्वासका बारेमा अरुलाई बताउन डराउंछन्. किनभने तिनीहरुमा आत्मविश्वासको कमी छ. अज्ञानताले गर्दा यस्तो डर उत्पन्न हुन्छ. तिनीहरुको साक्षीको नतीजामा उत्पन्न जटिल प्रश्नहरुको उत्तर दिन तिनीहरु आफूलाई असक्षम ठान्छन्. यस किसिमको डरको समाधान तीन किसिमले गर्न सकिन्छ.

*पहिलो -* तपाईंको आफ्नो वर्तमान परिस्थितिबाटै शुरु गर्नुहोस्. आफ्नो जीवनभित्र परमेश्वरका बारेमा तपाईंले थाहा पाउनु भएको कुराको सम्बन्धमा भन्नु साक्षी दिनु हो. मानिसहरु धर्मशास्त्रीय वाद विवादको लामो आख्यानहरु सुन्न मन पराउँदैनन्. न त मानिसहरुले सोद्धै नसोध्ने प्रश्नहरुको भय देखाएर शैतानले तपाईंलाई पक्षाघातको स्थितिमा नै पुऱ्याउन चाहन्छ. संसारमा अरुले थाहा नपाएको कुरा तपाईंलाई थाहा छ - पवित्र आत्माको सामर्थ्य र खीष्टमा परमेश्वरले तपाईंको निम्ति के गर्नुभएको छ.

*दोस्रो -* आफू खडा भएको स्थानबाट अगाडि बढ्ने दृढता देखाउनुहोस्. पवित्र आत्मा स्वयं तपाईंको शिक्षक हुनुहुन्छ. समय निकालेर प्रयत्न गर्नुभयो भने परिपक्वता तथा समझदारीको अनुपातमा भएको वृद्धि देख्दा तपाई आफैं छक्क पर्नुहुनेछ.

*तेस्रो -* आफ्नो विवेक, बुद्धि तथा समझको विकासमा सघाउ पुऱ्याउने खालका सहायता पाउन सम्भव छ भने प्राप्त गर्नुहोस्. हाम्रो आत्मिक समझदारीमा वृद्धि गर्नमा विभिन्न स्रोतहरु हालका दिनहरुमा उपलब्ध छन् जस्तै पुस्तकहरु, पद मिलान (Concordance) आदि. हाम्रो समय र हृदय प्रभुलाई दिन हामी इच्छुक हुनुपर्छ तथा हामीमध्ये धेरैले आफ्नो जीवनबाट अनावश्यक कुराहरुलाई फ्यांकिदिनुपर्छ.

५. **क्षमता** (प्रतिभा)

हाम्रो जीवनमा साक्षी दिने कार्यमा जस्तो पवित्र आत्माको स्पष्ट उपस्थिति अन्त कहीं देखिंदैन. उहाँले बोल्नको लागि सामर्थ्य प्रदान गर्नुहुने मात्र हैन तर एउटा खास अवस्थामा कहिले र कसरी बोल्ने भनेर उहाँको बुद्धि र ठीक-बेठीक छुट्ट्याउनसक्ने वरदानद्वारा हामीलाई भर्नुहुन्छ. सारा देशहरुमा गएर चेला बनाउने महान आज्ञाभित्र हामी सबै पर्छौं तर यो काम हामी एक्लैले गर्नुपर्दैन. शूरुका आफ्ना चेलाहरुका साथमा येशू सधैं हुनु हुनेछ भनेर उहाँले तिनीहरुलाई प्रतिज्ञा गर्नुभएको थियो. उहाँले पठाउनुभएको आत्माद्वारा हामीलाई शक्ति र नेतृत्व प्रदान गरेर उहाँको निम्ति हाम्रा दैनिक जीवनमा साक्षी हुन मदत गर्दै हामीसित पनि उहाँ सदैव साथमा हुनुहुन्छ.

६. **मौका** (अवसर)

प्रभावशाली साक्षीका क्षेत्रहरुमा पवित्र आत्माले पुरुष तथा स्त्रीहरुलाई अगुवाई गर्नुहुन्छ. सुसमाचार स्वीकार गरिने अवस्थाको तयारीका निम्ति उपयुक्त ढोका खोल्नमा उहाँ सधैं पहल गर्नुहुन्छ (प्रेरित ८:२६-३९). प्रत्येक अवस्थाहरुमा पवित्र आत्माको नेतृत्वलाई पछ्याउन जब हामी तयार हुन्छौं त्यतिबेला हाम्रो जीवनमा एउटा नयाँ मोड आउंछ. हामीसँग सम्पर्कमा आउने मानिसहरुको जीवन र हृदय पवित्र आत्माले तयार पार्नुहुन्छ र यसरी येशूको सामर्थ्यमा हामीले दिएको साक्षीलाई तिनीहरुले ग्रहण गर्न सक्दछन्.

हाम्रो सम्पूर्ण जीवन एउटा मौका अनि अवसर हो र पवित्र आत्माको सम्भाव्यताको निम्ति हामीले आफ्नो जीवन खुल्ला राख्यौं भने येशूमा हामीले गरेको विश्वासको वास्तविक अर्थ के हो सो बांडनका निम्ति हामीलाई कति धेरै मौका उपलब्ध हुनेछ सो देखेर हामी छक्क पर्नेछौं. यसको अर्थ हामीले सधैं अरुको जीवनमा जबर्जस्ती प्रवेश गर्नुपर्छ भन्ने होइन तर आफ्नो पवित्र आत्माद्वारा उहाँले ढोका खोल्नुहुंदा हामीले उहाँलाई पछ्याउनुपर्छ. साक्षीका धेरै अर्थहरु छन्. कुनै समयमा यसको मतलब हामी के मा र किन विश्वास गर्छौं स्पष्ट शब्दमा भन्नुहुन्छ. अन्य अवस्थाहरुमा चाहिँ त्यसबेलाको निम्ति परमेश्वर हामीबाट बोल्नुहुन्छ. कुनैपनि अवस्थामा यो आफ्नै बारेमा भन्नु नभएर येशू ख्रीष्टको प्रेमपूर्ण सामर्थ्यका बारेमा भन्नु हो (२कोरिन्थी ४:५).

७. **प्रेम**

भय, दोष अथवा निन्दाले हामीलाई उक्साइरहेकोले नभएर येशू ख्रीष्टको प्रेमले हामीलाई उहाँका बारेमा साक्षी दिन बाध्यपार्छ. यी सबै कुराहरु परमेश्वरको क्षमाशील सामर्थ्यद्वारा हटाइसकिएको छ. हाम्रो जीवन तथा हृदयमा परमेश्वरको वास्तविकता हामीले जानिसकेकोले गर्दा अरु धेरै मानिसहरुले पनि यो बरदानमा सहभागी हुन सकून् भन्ने हाम्रो चाहना छ (२कोरिन्थी ५:१४). यस्तै किसिमबाट मानिसहरुले प्रेमको सच्चाईलाई जान्न सक्छन्. यो हाम्रो मानव स्वभावबाट उत्पन्न हुने कुरा होइन तर हाम्रो हृदयमा भएको पवित्र आत्माको कामको नतिजामा उत्पन्न परिणाम हो (रोमी ५:५). हामीभित्र प्रेमको सामर्थ्यको काम नै हो जसले हाम्रो साक्षीलाई शब्दहरुको सीमिततादेखि अझ बढी प्रभावकारी रुपमा प्रश्तुत गर्दछ (१यूहन्ना ३:१६, १८).

ढ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. के तपाईं महान आज्ञालाई पूरा गर्नुहुदैछ ?
२. के महान आज्ञाले येशूका प्रत्येक चेलाहरुको जीवनमा प्रमुख स्थान ओगट्नुपर्छ ? अथवा यो नै प्रत्येक मण्डलीको मुख्य सिद्धान्त हुनुपर्ने हो कि ?
३. के पावलको र हाम्रो काम समान छ वा एउटै हो ? (प्रेरित २०:२४) के हाम्रो पनि पावलको जस्तै विचार हुनुपर्छ ? (फिलिप्पी ३:१२-१४). येशूका विचारहरु कस्ता थिए ? (लूका ४:४३; यूहन्ना ९:४).
४. येशूका चेलाका रुपमा हामी कसरी जिउनुपर्ने हो ? (लूका ९:६२; एफिसी ५:१५-१६).
५. आफ्ना मित्रहरु, छिमेकी तथा नातेदारहरु बीच अनि काम तथा अध्ययन संस्थानहरुमा तपाईंले चिने जानेका र सामाजिक क्रियाकलाप अन्तर्गत भेटेका अन्य व्यक्तिहरुलाई पनि तपाईंले साक्षी दिन शुरु गर्नुभयो कि भएन ? यदि नगर्नुभएको भए शुरु गर्नु पर्दैन त ?
६. येशू अहिलेसम्म किन फर्किनु भएन ? (२पत्रस ३:९, १५).
७. तपाईंको जीवनबाट मानिसहरु येशूप्रति आकर्षित हुन्छन् कि तर्केर जान्छन् ?
८. तपाईंले आफ्नो जीवनमा येशूको निम्ति साक्षी हुने मौका पाउनु भएर महान आज्ञा पूरा गर्न शुरु गर्नुभएको छ ?

ण. सारांश र प्रयोग

१. सारा संसारमा गएर उहाँको निम्ति चेलाहरु बनाउने आदेश येशूका प्रत्येक चेलाहरुलाई प्राप्त भएको छ.

२. परमेश्वरले मानिसहरुलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले हाम्रो निम्ति मर्न भनेर आफ्नो पुत्र येशूलाई पठाउनुभयो. यदि मानव जातिले परमेश्वरको व्यवस्थालाई स्वीकार गरेनन् भने तिनीहरु अनन्तका निम्ति नष्ट हुनेछन्. यसो हुन नदिनका लागि हामी येशूका चेलाहरुले पवित्र आत्माको सामर्थ्यमा अरुहरुलाई सहायताको हात बढाउनुपर्छ.

३. राज्यको सुसमाचार सारा संसारमा सबै जातिहरुमा प्रचार भइसकेपछि अन्त्य आउनेछ र अनि येशूको आगमन हुनेछ (मत्ती २४:१४).

४. हाम्रो जीवन स्वयंमा येशूको निम्ति एउटा साक्षी हुनुपर्छ.

५. पवित्र आत्माको आगमनको प्रमुख उद्देश्य साक्षीको निम्ति चेलाहरुलाई तयार पार्नु हो.

६. हामीले आफ्नो पुस्तामा सुसमाचार नपुर्‍याएमा अरु कसैले पुर्‍याउदैन.

७. परमेश्वरको जीवित सत्य त्यो हो जसले हाम्रो जीवन परिवर्तन गर्छ अनि अरुले हाम्रो जीवनलाई हेर्दा तिनीहरुलाई यो सत्य वास्तविक (साँचो) लाग्नथाल्छ.

८. हामी येशूका चेलाहरु जो परमेश्वरको प्रेम र सामर्थ्यलाई जान्दछौं पृथ्वीका अन्य मानिसहरुले पनि यस्तै कुराहरुको आनन्द हामीले जस्तै प्राप्त गरुन् भन्ने चाहना राख्नुपर्दछ.